नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं ९५

मिति:२०८३/०४/०७

ने.सं. ११४६

श्री गाउँपालिका सबै

श्री नगरपालिका सबै

विषय: १४ औं ग्रामिण स्वास्थ्यकर्मीहरुको सम्मेलनमा सहभागिताको लागि Case Story पठाउन आवश्यक समन्वय तथा सहजिकरण सम्वन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र निक साइमन ईन्स्टिच्यूटको संयुक्त आयोजनामा विगत वर्ष जस्तै यस वर्ष पनि ग्रामिण क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मिहरुलाई प्रोत्साहन तथा निरन्तर चिकित्सकीय ज्ञान सीप प्रदान गर्ने उद्देश्यले मिति २०८३ माघ १२ देखि १४ सम्म १४औं ग्रामिण स्वास्थ्यकर्मीहरुको सम्मेलन सञ्चालन हुने भएकोले सहभागि हुन इच्छुक स्वास्थ्यकर्मीहरुले पत्रसाथ संलग्न ढाँचा अनुसारको Case Story मिति २०८३ कार्तिक ३० सम्म आईपुग्ने गरी पठाउन स्थानीय तहमा अनुरोध गर्ने भनि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको प.सं.२०८३/०८४ च.नं.१ मिति २०८३/०४/६ को पत्रबाट लेखि आएकोले सो पत्र र Case Story फाराम यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

नोट:Case Story राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको इमेल info@nhtc.gov.np र निक साइमन ईन्स्टिच्यूटको इमेल nrshrestha@nsi.edo.np पठाउनुहुन अनुरोध छ ।

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थ:

श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री सूचना प्रविधि शाखा:वेवसाइटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

स्वास्थ्य [illegible] महाशाखा

प्रादेशिक तथा स्थानी[illegible] समन्वय शाखा

सिंहदरबार, काठमाडौं

पत्र संख्या २०८३/०८४

च. नं ९

मितिः २०८३/०४/६

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषयः १४ औं ग्रामीण स्वास्थ्यकर्मीहरुको सम्मेलनमा सहभागीताका लागि Case Story पठाउन आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, काठमाडौंको प.स., २०८३।०८४, च.न. २०, मिति २०८३।४।४ गतेको १४ औं ग्रामीण स्वास्थ्यकर्मी सम्मेलनमा सहभागिताको लागि Case Story पठाउने सम्बन्धमा समन्वयको लागि लेखि आएको पत्र र Case Story पठाउने ढाँचा प्राप्त भएको छ । पत्रानुसार राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र निक साइमन इन्स्टिच्यूटको संयुक्त आयोजनामा विगत वर्ष जस्तै यस वर्ष पनि ग्रामीण क्षेत्रमा कार्यरत स्वास्थ्य कर्मीहरुलाई प्रोत्साहन तथा निरन्तर चिकित्सकीय ज्ञान, सीप प्रदान गर्ने उद्देश्यले मिति २०८३ माघ १२ देखि १४ गतेसम्म "१४ औं ग्रामीण स्वास्थ्य कर्मीहरुको सम्मेलन" सञ्चालन हुने भएको हुँदा सम्मेलनमा सहभागी हुन इच्छुक स्वास्थ्य कर्मीहरुले पत्रासाथ संलग्न ढाँचा अनुसारको Case Story मिति २०८३ कार्तिक ३० गतेसम्म आइपुग्ने गरी पठाउने र सोही Case Story को आधारमा सहभागी छनोट हुने हुँदा तपसिलमा उल्लेख भए बमोजिमका समुहवाट स्वास्थ्य कर्मीहरुलाइ (विगतमा सहभागी नभएका) Case Story पठाउने सम्बन्धमा तहाँ मन्त्रालयमार्फत समन्वयका लागि अनुरोध भइ आएको हुँदा सवै स्थानीय तहहरुलाइ पत्राचार गरी आवश्यक समन्वय तथा सहजीकरणको लागि प्राप्त पत्र र Case story को ढाँचा समेत यसैसाथ संलग्न गरी पठाइएको वेहोरा आदेशानुसार अनुरोध छ।

तपसिलः

१. मे.सु./मे.अ./न.अ./ज.स्वा.अ., लगायतका स्वास्थ्यकर्मीहरु (विभिन्न अस्पताल/स्वास्थ्य कार्यालय)।

२. हे.अ./अ.हे.व., लगायतका स्वास्थ्यकर्मीहरु (विभिन्न अस्पताल प्रा.स्वा.के./स्वास्थ्य चौकी/ आधारभूत स्वास्थ्य केन्द्र)।

३. स्टाफ नर्स/अ.न.मी., लगायतका स्वास्थ्य कर्मीहरु (विभिन्न अस्पताल प्र. स्वा.के./स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य केन्द्र)।

पवित्रा ढकाल
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकु, काठमाडौं।

नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र

मिति : वि.सं. २०८३/०४/०४

ने.सं. : [illegible]

विषय: १४औं ग्रामीण स्वास्थ्यकर्मी सम्मेलनमा सहभागिताको लागि Case Story पठाउने बारे जानकारी सम्प्रेषणका लागि [illegible] गरिदिने सम्बन्धमा ।

श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा, सिंहदरबार, काठमाण्डौं

यस केन्द्र र निक माइमन्स इन्स्टिच्युटको संयुक्त आयोजनामा विगत वर्ष झैं यस वर्ष पनि ग्रामीण क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन तथा निरन्तर चिकित्सकीय ज्ञान सिप (CME) प्रदान गर्ने उद्देश्यले मिति २०८३ माघ १२ देखि १४ गते सम्म **"१४औं ग्रामीण स्वास्थ्यकर्मीहरूको सम्मेलन"** संचालन हुने भएको हुँदा उक्त सम्मेलनमा सहभागी हुन इच्छुक स्वास्थ्यकर्मीहरूले यसै पत्रसाथ संलग्न ढाँचा अनुसारको Case Story मिति २०८३ कार्तिक ३० गते सम्म आईपुग्ने गरी पठाउनु हुन र सोही Case Story को आधारमा यस केन्द्रबाट सहभागी छनौट गरिने भएकोले स्थानीय तहहरूमा कार्यरत तपसिलमा उल्लेख भए बमोजिमका समुहबाट स्वास्थ्यकर्मी (विगतका सम्मेलनमा सहभागी नभएका) हरूलाई Case Story पठाउनेको लागि भैंस व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय तहहरूमा जानकारी सम्प्रेषण तथा आवश्यक समन्वय गरिदिनु हुन अनुरोध छ ।

तपसिल:

१. म.सु./म.अ./न.अ./ज.स्वा.अ., लगायतका स्वास्थ्यकर्मीहरू(विभिन्न अस्पताल/स्वास्थ्य कार्यालय)

२. ह.अ., अ.हे.व., लगायतका स्वास्थ्यकर्मीहरू(विभिन्न अस्पताल/प्रा.स्वा.के./ स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य केन्द्र)

३. स्टाफ नर्स/अ.न.मी. लगायतका स्वास्थ्यकर्मीहरू(विभिन्न अस्पताल/प्रा.स्वा.के./ स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य केन्द्र)

.....

(डा. प्रकाश प्रसाद शाह)

निर्देशक

बोधार्थ:

श्री स्वास्थ्य सेवा विभाग, टेक, काठमाण्डौं ।

श्री निक माइमन्स इन्स्टिच्युट, सानेपा, ललितपुर ।

१४औं ग्रामीण स्वास्थ्यकर्मीहरुको सम्मेलन
१२–१४ माघ २०८३ (२६-२८ जनवरी २०२७), काठमाडौं

केश स्टोरी (Case Story) पठाउने बारे

स्वास्थ्यकर्मीको संक्षिप्त परिचय (Brief Introduction of Health Worker)	
नाम (Name) :	
पद तह (Position/Level)	
कार्यरत स्वास्थ्य संस्थाको नाम (Organization's Name) :	
काम गरेको अवधि (Number of Years)	
सम्पर्क नम्बर (Contact Number) :	
इमेल (अनिवार्य) (Email Mandatory) :	
प्यान नं (PAN) :	

केश स्टोरी तीन खण्डमा लेख्नुपर्ने :	
१ भूमिका (Background)	पहिलो प्याराग्राफमा केश स्टोरीको भूमिका उल्लेख गर्नुपर्नेछ । (अधिकतम २०० शब्द)
२ मुख्य सामाग्री (Main Content)	आफूले गरेको कार्यलाई २ देखि ३ प्याराग्राफ भित्र सिलसिलेवार किसिमले प्रस्तुत गर्ने । (अधिकतम ६०० शब्द)
३ निष्कर्ष (Conclusion)	अन्तिम प्याराग्राफमा केश स्टोरीको निष्कर्ष र त्यसबाट आफूले सिकेको पाठलाई संक्षिप्त रुपमा प्रस्तुत गर्ने । (अधिकतम २०० शब्द)

केश स्टोरी तयार पार्दा ध्यान दिनुपर्ने कुराहरु :

- केश स्टोरीलाई Word मा टाईप गरेर पठाउनुपर्ने । यसरी टाईप गर्दा नेपाली र अंग्रेजी दुवैका लागि A4 साइजमा MS Office (दायाँ, बायाँ, तल, माथि) १ - १ इन्च मार्जिन छोड्ने र Single Line Spacing राख्ने ।
- दुवै केश स्टोरीको लम्बाई A4 साइजमा दुई पेजभन्दा बढी हुन नहुने ।
- केश स्टोरीमा दुईवटा भन्दा बढी फोटो संलग्न गर्न नहुने । संलग्न गरेको फोटोको Caption अनिवार्य लेख्नुपर्ने ।
- केश स्टोरीलाई अनिवार्य रुपमा आफ्नो आधिकारिक सम्बन्धबाट सिफारिश गरेर पठाउनुपर्नेछ ।

केश स्टोरी किन पठाउने ?

- छनौट भएका केश स्टोरीको आधारमा स्वास्थ्यकर्मीलाई सम्मेलनमा आमन्त्रण गरिने ।
- छनौट भएका केश स्टोरी मध्येबाट उत्कृष्ट ठहरिएका केश स्टोरीलाई सम्मेलनमा प्रस्तुतीकरण गरिने ।
- आफूले गरेको राम्रो काम र सिकाईलाई अन्य स्वास्थ्यकर्मीहरुलाई समेत जानकारी गराउने ।

कस्तो किसिमको केश स्टोरी पठाउने ?

- आफूले काम गर्दाको वास्तविक घटना तथा कथाहरु । यी घटना तथा कथाहरु पनि बर्षभन्दा पुरानो हुन नहुने ।
- समाज व्यक्तिका लागि आफ्नो प्रयासबाट सफल भएका घटना तथा कथाहरु ।
- राम्रो उद्देश्य राखी प्रयास गर्दा सफलता प्राप्त गर्ने व्यक्तिहरुको घटना तथा कथाहरु र त्यसबाट सिकेका पाठहरु ।

केश स्टोरी कहाँ पठाउने ?

- केश स्टोरी (Case Story) मिति २०८३ कार्तिक ३० गते भित्र आईपुग्ने गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रको इमेल info@nhtc.gov.np तथा निक साइमन्स इन्स्टिच्यूटको इमेल nrshrestha@nsi.edu.np मा पठाउनु पर्नेछ । वहाँहरु https://conference.nsi.edu.np भित्र Case Story Submission मा गई अनलाईन फारम भरी सिधै पनि पठाउन सक्नेहुन्छ ।

NSI
Nick Simons Institute